बैठक संख्याः १०१
मितिः २०८१/१०/२५
समयः दिउसोको १ बजे
स्थानः खुम्बु पासाङल्हामु गाउँपालिका को कार्यालय

आज मिति २०८१/१०/२५ गते शुक्रबार दिउसोको १ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्बा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

निर्णय नं.१ स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि, २०७७ अनुसार खुम्बु पासाङल्हामु गाउँपालिकाको आफ्नो मूल्याङ्कन गरी जिल्ला समन्वय समिति सोलुखुम्बुको पृष्ठपोषण समेतका आधारमा प्राप्त देहायानुसारको अङ्क अनुमोदन गर्ने।

| क्र.सं. | क्षेत्र | प्राप्त अङ्क प्रतिशत |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | १०० |
| २ | सङ्गठन तथा प्रशासन | १०० |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | १०० |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ८६.३६ |
| ५ | सेवा प्रवाह | ८९.०६ |
| ६ | न्यायिक कार्य सम्पादन | १०० |
| ७ | भौतिक पूर्वाधार | ७६.९२ |
| ८ | सामाजिक समावेशिकरण | ७० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ८३.३३ |
| १० | सहकार्य र समन्वय | ९५.८३ |
| | समग्रमा | ८९% |

निर्णय नं. २

यस खुम्बु पासाङल्हामु गाउँपालिका र अमादब्लम मिनि हाईड्रो लि. बीच मिति २०८०।०९।११ मा भएको सम्झौता कार्यन्वयनका लागि गाउँपालिकाद्वारा विभिन्न प्रयत्न हुदा हुदै पनि नेपालको बर्तमान कानुनी प्रावधान अनुसार स्थानिय सरकारले कुनैपनि कम्पनिमा शेयर लगानी गर्ने अवस्था नरहेको बेहोरा जानकारी प्राप्त हुन आएकाले सो सम्झौता बमोजिम गाउँपालिकाले लगानी गर्न असमर्थ रहेको बेहोरा अनुरोध गर्नुका साथै उक्त सम्झौतामा उल्लेखित परियोजना भित्र पर्ने जनताको आधारभुत पूर्वाधारका रुपमा रहेको पाङबोचे, स्योमारे, फेरिचे, दिङबुचे, छुकुम र लबुचेसम्मको विद्युत प्रशारण तथा वितरण लाईन निर्माणको खरिद कार्यको प्रक्रिया यस गाउँपालिकाले अगाडि बढाईरहेको र भविष्यमा उक्त प्रशारण तथा वितरण प्रणाली उक्त मिनि हाईड्रोले समेत गाउँपालिकाले निर्धारण गरेको नियमानुसारको शुल्क (न्युनतम प्रति युनिट रू. २) भुक्तनी गर्ने गरी सम्झौता संसोधन गर्न वा यसै निर्णय बमोजिम पत्राचार गर्न गाउँपालिका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूलाई अधिकार प्रदान गर्ने।

निर्णय नं. ३

आगामी आ.व. ०८२।०८३ का लागि सङ्घीय सरकार तथा कोशी प्रदेश सरकार समपुरक तथा विशेष अनुदान देहाय बमोजिम माग गर्ने।

| अनुदानको किसिम | छनौट गरिएका योजना | रकम |
|---|---|---|
| सङ्घीय समपुरक अनुदान | ङिम दोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नती | रू ५,००,००,०००।- |

| | | |
|---|---|---|
| | (खरिखोला-थामडाँडा) | |
| सङ्घीय विशेष अनुदान | हिमालय आ.वि. नाम्चेमा छात्रवास निर्माण | रू ३,००,००,०००।- |
| कोशी प्रदेश समपुरक अनुदान | ङिम दोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नती (थामडाँडा-सुर्के) | रू ३,००,००,०००।- |
| कोशी प्रदेश विशेष अनुदान | सुर्के गुम्बामा धेवाङ | रू २,००,००,०००।- |

निर्णय नं. ४

खुम्बु पासाङल्हामु गाउँपलिकामा कार्यान्वयन हुने देहायानुसारका आयोजनाक लागि तपशिल बमोजिम जग्गा प्राप्तिका लागि प्रकृया अगाडी बढाउने ।

| क्र.सं. | आयोजनाको नाम | प्राप्त गर्नु पर्ने जग्गाको किसिम | स्थान | क्षेत्रफल | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फोहोर मैला व्यवस्थापन केन्द्र | सरकारी | लुक्ला | | | |
| २ | ढल व्यवस्थापन तथा प्रसोधन केन्द्र | सरकारी | लुक्ला | | | |
| ३ | खुम्बु पासाङल्हामु आधारभूत अस्पताल निर्माण | निजी | खरिखोला | ६ रोपनी | प्राप्तिको जग्गासँग जोडिएको | सशूल्कका लागि सूचना प्रकाशन गर्ने |
| ४ | पाङ्गोम स्वास्थ्य केन्द्र | निजी | पाङ्गोम | ३ रोपनी | पाङ्गोम क्षेत्रमा उपर्युक्त जग्गा | निशूल्कका लागि सूचना प्रकाशन गर्ने |

निर्णय नं. ५

मिति २०८१ साउन ३२ गतेको बाढीले क्षतिग्रस्त माप्य खुम्बु मितेरी पुल निर्माणका लागि माप्य दुधकोशी गाउँपालिकासँग कुल लागतको ५०% लागत साझेदारी गर्ने गरी सम्झौताको प्रकृया अघि बढाउने ।

**<u>विविध</u>**

1. प्रधानमन्त्री रोजगार कार्यक्रम अनुसार सञ्चालन भएका च्याङडोल र नाबुक पदमार्ग निर्माण कार्याका लागि सम्झौताको समयमा उपलब्ध भएको दररेट बमोजिम पछि परिवर्तित दररेट अनुसार दुवै योजनामा रू ४४००० का दरले रकम थप गर्ने र टोकटोक पहिरो बाटो निर्माणमा छुट हुन गएको आईटमका लागि भुक्तानी गर्नुपर्ने थप रकम रू २०,४८०।-मर्मत संभार कोषबाट खर्च गर्ने ।
2. हिमालय बुद्धपार्क निर्माणका लागि शहरी विकास मन्त्रालय लगायत अन्य निकायहरुमा आ.व. २०८२।०८३ मा बजेट विनियोजनका लागि अनुरोध गर्ने ।
3. हेलि उडान सम्बन्धमा मिति २०८१।१०।११ गते जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा भएको छलफलमा उठेका विषयका सम्बन्धमा पछिल्लो अवस्थाको जानकारी सहित जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुलाई पत्राचार गर्ने ।

CamScanner

4. खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको पर्यटन क्षेत्रलाई थप व्यवस्थित गर्नका लागि गाउँपलिकामा पर्यटन शाखा स्थापना गरी १ जना पर्यटन अधिकृत करार सेवामा तत्काल पदपूर्ति गर्ने ।

5. खरिखोलाल तथा सुर्केमा डिजेल तथा पेट्रोल पम्प स्थापनका लागि सामुयल कन्स्ट्रक्सनले अनुमती माग गरेकोमा नियमानुसार सिफारिस अनुमति प्रदान गर्ने, सुर्केमा ग्यास तथा मट्टितेल डिपो सञ्चालन गर्नाका लागि समेत अनुमति प्रदान गर्ने ।

6. प्रदेश योजना आयोगले माग गरेको आगामी आ.व. को लागि योजना तथा कार्यक्रम एक हप्ता भित्र वडा कार्यालयबाट सङ्कलन गरी तोकिएको समयसीमा भित्र प्रदेश योजना आयोगमा लेखि पठाउने ।

7. खरिखोला दोस्रो लघु जलविद्युत योजना प्रा.लि. ले नेपाल विद्युत विकास विभागमा सिफारिस गरी पाउँ भनी आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा थप अध्ययन गरेर आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

8. खुम्बु पासाङ्ल्हामु गाउँपालिका वडा नम. ४ मा सञ्चलनमा रहेको श्री खुम्जुङ माद्यमिक विद्यालयमा शिक्षक क्वाटर निर्माण गर्नका लागि विद्यालयको मागमा आधारीत पूर्वाधार कार्यक्रममा विनियोजन भएको रू ३३ लाख र २५लाख गरी जम्मा ५८ लाख रकमले नपुग्ने र अपुग हुने रकम रू. ४०००००।०० (चार लाख) चालु आ.व. मा विनियोजन गरिएको अन्य सङ्घसंस्था सँग साझेदारी कार्यक्रम शिर्षकबाट खर्च गर्ने गरी अख्तियारी प्रदान गर्ने ।

CamScanner